
# कोहलपुर नगरपालिकाको

## प्रथम नगर सभा

### आर्थिक बर्ष २०७४/२०७५ को नीति तथा कार्यक्रम



# कोहलपुर नगरपालिकाको
# प्रथम नगर सभा

१३ भाद्र २०७४

**आर्थिक बर्ष २०७४/२०७५ को नीति तथा कार्यक्रम**

**उपस्थित अतिथिगण तथा सम्पूर्ण नगर सभाका सभासद् मित्रहरू,**

संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएपछि पहिलो पटक भएको स्थानीय तह निर्वाचनमा कोहलपुर नगरवासी जनताले हामीलाई विश्वास गरी विजयी गराउनु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दै सबैलाई बधाई ज्ञापन गर्दछु । संविधान कार्यान्वयनका क्रममा भएको निर्वाचन प्रक्रियाद्वारा निर्वाचित भई राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, दिगो शान्ति, सुशासनका साथै यस क्षेत्रको विकास र सम्बृद्धिका लागि पहिलो पटक कोहलपुर नगरपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय नगर व्यवस्थापिकामा सम्बोधनका लागि उपस्थित हुन पाँउदा आफूलाई गौरवशाली ठानेको छु ।

राष्ट्रियता,लोकतन्त्र,गणतन्त्र,स्वाभिमान,जनजीविका,सबै किसिमका विभेद तथा उत्पीडनको अन्त्य र सामाजिक न्याय प्राप्तिको आन्दोलनका विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरू प्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु । राष्ट्रिय स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, सङ्घीयता, जनजीविका, सुशासन र सम्बृद्धि प्राप्तिको आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने राजनेताहरू, नागरिक समाज, सञ्चार जगत र सहभागी जनसमुदायलाई उच्च सम्मान र प्रशंसा गर्दै बधाई र धन्यवाद व्यक्त गर्दछु ।

**सभासद् मित्रहरू,**

**कोहलपुर नगरको संक्षिप्त परिचय :**

साविक कोहलपुर गाउँ पञ्चायतको वडा नं ३ (हाल कोहलपुर नगरपालीका वडा नं ११) मा धेरै काठका कोलहरु ( तोरी पेल्ने काठको घरेलु मेसिन) भएका र त्यस ठाँउमा तोरी पेल्नका लागी धेरै टाढा टाढाबाट पनि मानिसहरु आउने गरेको र पछि यसै कोलको नामबाट प्रख्यात यस गाउ (हालको वडा ११) को नाम कोलपुर रहेको थियो र पछि यो शब्द अपभ्रंश हुदै कोहलपुर हुन पुग्यो । यसै नामबाट साविकको कोहलपुर गाउँ पञ्चायत हुदै कोलपुर गा.वि.स. र हालको कोहलपुर नगरपालिकाको नामाकरण हुन गएको अग्रज जानकारहरुको ठम्याई छ ।

नेपालमा पहिलो पटक संविधान सभाद्वारा नेपालको संविधान निर्माण भई जारी भएको छ । यसले देशलाई एकात्मक तथा केन्द्रीकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतान्त्रिक मुलुकका रूपमा रूपान्तरित गरेको छ । नेपालमा व्यवस्था गरिएको ७४४ स्थानीय तह मध्ये यस बाँके जिल्लामा ६ गाँउपालिका, १ उप-महानगरपालिका र १ वटा नगरपालिकाको व्यवस्था भएको छ । यस जिल्लामा भएका आठ स्थानीय तहहरू मध्ये कोहलपुर नगरपालिका प्राकृतिक रुपले अति सुन्दर र पुरातात्वीक, धार्मिक तथा ऐतिहासिक महत्व बोकेको नगरपालिका हो । यो सुन्दर नगरपालिका छिमेकी राष्ट्र भारत सँगको ठुलो भन्सार विन्दु (नाका) रुपैडिहा नजिक हुनुले पनि छुट्टै महत्व बोकेको छ ।

बाँके राष्ट्रिय निकुन्जको काँखमा रहेको यो नगरपालिका पर्यटन विकासको लागि पनि प्रवल सम्भावना बोकेको छ । बिश्वको दुर्लभ जन्तु पाटे बाघको प्रमुख संरक्षण स्थल बाँके राष्ट्रिय निकुन्ज, कोहलपुर भ्युटावर , जैविक पार्क, सिद्धि विनायक पार्क, रामजानकी मन्दिर, अर्न्तराष्ट्रिय क्रिकेट मैदान, शिव पार्वती मन्दिर, बौद्ध गुम्बा, ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालय, योग एवं प्राकृतिक स्वास्थ्य समाज नेपाल, कोहलपुर शिक्षण असपताल तथा चटारको बन्दा , हवलदारपुरमा रहेको बौद्ध विहार,पार्वतीपुरमा रहेको शिव पार्वती मन्दिर, थारु संस्कृति तथा अन्य धार्मिक स्थलहरु जस्ता क्षेत्रहरूले यसलाई झनै आकर्षक, विविधतायुक्त तथा पर्यटकिय विकासको प्रचुर सम्भावना देखिन्छ । देशका ७५ वटै जिल्ला बाट बसाई सरी आएका जनताको संगम स्थलको रुपमा विविध सांस्कृतिक समिश्रणयुक्त सामाजिक विशेषता यस नगरपालिकाको अर्को सुन्दर पक्ष रहेको छ ।

यस कोहलपुर नगरपालिका ५ नम्बर प्रदेश अन्तरगत तराई क्षेत्र बाँके जिल्लाको उत्तर पश्चिममा अवस्थित ७ नं. प्रदेश र ६ नं. प्रदेशको प्रवेश द्वारको रुपमा रहेको छ । यस नगरपालिकाको पूर्वमा राप्तीसोनारी गाउँपालिका, दक्षिणमा जानकी गाउँपालिका, पश्चिममा बैजनाथ गाउँपालिका र उत्तर तर्फ ६ नम्बर प्रदेशको सल्यान जिल्लाको चुरे पहाडको श्रृंखला पर्दछ । यो नगरपालिकाको क्षेत्र २८ डिग्री ७ मिनेट १२ सेकेन्ड देखि २८ डिग्री १८ मिनेट ५४ सेकेन्ड उत्तर अक्षाँस तथा ८१ डिग्री ३८ मिनेट २४ सेकेन्ड देखि ८१ डिग्री ४९ मिनेट ५१.६ सेकेन्ड पूर्वी देशान्तरका वीचमा रहेको छ । यहाँको हावापानी उष्ण प्रकृतिको रहेको छ । तापक्रम अधिकतम ४५ तथा न्यूनतम ४ डिग्री सेन्टीग्रेड सम्म रहने गर्दछ । वर्षा अधिकतम वार्षिक १९१२ मिलिमिटर सम्म रेर्कड गरिएको छ ।

औषत सापेक्षिक आद्रता ७१.४ प्रतिशत रहेको छ । हावाको औषत बेग ३ कि.मी प्रति घण्टा रहेको छ । यस नगरपालिकाको कुल क्षेत्रफल १८४.२६ वर्ग किलोमिटर रहेको छ । वि.सं. २०६८ को जनगणना अनुसार यस नगरपालिकाको जनसङ्ख्या ७०,६४७ र वि.सं. २०७४ को निर्बाचनको तथ्याङ्क अनुसार कुल मतदाता संख्या ३७३२३ रहेको छ ।

यस नगरपालिकामा खस (ब्राह्मण, क्षेत्री, ठकुरी, दशनामी र दलित), जनजाति (थारु,गुरूङ, मगर, नेवार) अल्पसंख्यक लोपोन्मुख,सिमान्तकृत कुमाल, गन्धर्व,बादी,हरिजन,चिडीमार,राजी,यादव,गुप्ता र मुस्लिम जस्ता विभिन्न जात, जाति एवं भिन्दा भिन्दै भाषा, धर्म र संस्कृति भएका, मध्यपश्चिम तथा सुदुरपश्चिमाञ्चल विकास क्षेत्रका विभिन्न जिल्लाहरु बाट बसाई सरी आएका मानिसहरूको बाक्लो बसोबास रहदै आएको छ ।

**सभासद् मित्रहरू,**

अब म कोहलपुर नगरको लक्ष्य, नीति र कार्यक्रम तर्फ यहाँहरूको ध्यान आकर्षण गर्दछु ।

- सिंहदरबारको अधिकार नगरका वडावडा र बस्तीबस्तीमा ल्याउन र नागरिकलाई सहज, सरल, सुविधाजनक र पारदर्शी ढङ्गबाट सेवा प्रवाह गर्दै सो कुराको प्रत्याभूति गरेर जनमुखी लोकतन्त्रलाई सुदृढ गर्दै भ्रष्टाचारमुक्त प्रशासन सञ्चालन गरिने छ ।

- समावेशी लोकतन्त्रद्वारा स्थानीय सरकारमा विभिन्न जातजाति, भाषा, लिङ्ग, धर्म, क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व गराउँदै राष्ट्रियताको प्रवर्धन गरिने छ ।

- आर्थिक सम्वृद्धि र विकासका लागि आफ्नो टोल आफै बनाउन तथा स्थानीय स्रोत साधनको प्रयोग, दक्ष जनशक्ति उत्पादन, रोजगारी र उद्यमशीलताको विकास, सहरी पूर्वाधार निर्माण र आधुनिकीकरणका लागि समाजमा रहेको विभेद, शोषण र उत्पीडनको अन्त्य गरी नागरिकको सीप र दक्षता अभिबृद्धि गरी समृद्ध, समुन्नत र नेपाली विशेषताको समाजवाद **"एक घर एक सीप रोजगारीको आधार, समृद्ध :कोहलपुर समाजवादको पूर्वाधार"** कार्यान्वयन गरिने छ ।

**कोहलपुर नगर समृद्धिका लक्ष्यहरू :**

- १५ बर्ष भित्र यस नगरपालिकालाई अन्तर्राष्ट्रिय स्तरका पूर्वाधार सहित सुविधासम्पन्न शहरका रूपमा विकसित गरिनुका साथै **सुखी, खुसी, सभ्य र समृद्ध नागरिकहरूको शहर** बनाइनेछ ।

- साक्षरता, औसत आयु, खाद्य सम्प्रभुताको अधिकार,प्रतिव्यक्ति वार्षिक आयमा वृद्धि र मातृ/शिशु/बाल मृत्यु दर घटाई उत्कृष्ट मानव विकास सूचकाङ्क भएको विभेद, जोखिम र असमानता मुक्त साथै सामाजिक न्याययुक्त नेपालको नमुना नगरका रूपमा विकसित गरिने छ ।

## कोहलपुर नगरको विकास नीतिहरू :

- आर्थिक वर्ष : २०७४/०७५ लाई **पूर्वाधार निर्माण वर्ष**को रुपमा मनाईने छ ।
- यस नगरमा समावेश भई शहरी विकास पूर्वाधार न्यून रहेका वडाहरूमा **नगर स्तरीय गौरवका कार्यक्रमहरू** सञ्चालन गरी सबै वडाहरूलाई समान स्तरमा पुर्‍याउदै सबै नगरवासीहरूलाई **समृद्ध नगरका गौरवशाली नागरिकको** अनुभूति दिलाइनेछ ।

- नगरलाई सफा,सुन्दर,सुरक्षित,समृद्ध,सवल र सक्षम **नमूना नगरका** रूपमा विकसित गरिनेछ ।
- सुगम यातायातको व्यवस्था सहितको एकीकृत सामूहिक आवासको व्यवस्था गरिने छ ।
- सुकुम्वासी एवं अव्यवस्थित बसोवासीहरुलाई जग्गाधनि पुर्जाको ब्यवस्था गरिने छ ।
- विपन्न दलित तथा सिमान्तकृत समुदायको लागि **जनता आवास कार्यक्रम** लागू गरिनेछ ।
- कोहलपुरलाई ६ र ७ नं. प्रदेशको प्रवेशद्धारको रुपमा विकास गर्ने , तिब्बतको पवित्र धार्मिक स्थल कैलाश मानसरोवार सम्मको स्थलमार्गको प्रस्थान विन्दुको रुपमा विकास गर्ने र भारत र चिनको प्रमुख व्यापारिक केन्द्र र धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न पहल गरिने छ ।
- आवश्यकता अनुसार बस बिसौनी,अत्याधिक सवारी चाप भएको स्थानमा आकाशे पुल निर्माण , यात्रु प्रतीक्षालय, सवारी साधन पार्किङ स्थल, जेब्रा क्रसिङ्ग, पैदल मार्ग, साइकल लेन सहित वैज्ञानिक ढङ्गले ट्राफिक व्यवस्थापन गरिने छ ।
- सहकारी एवं निजी क्षेत्रको सहभागितामा आधारित **आत्मनिर्भर तथा समृद्ध अर्थतन्त्रको निर्माण र विकास** गर्दै नगरको समृद्धिका लागि वैदेशिक तथा बहुराष्ट्रिय लगानीकर्तालाई आकर्षित गरी अन्तराष्ट्रिय शहरहरू सँगको भगिनी सम्वन्धलाई प्रारम्भ गरिनेछ ।
- नदी, खोला, ताल तथा जलाधार संरक्षण गरी सवैखाले प्रदूषण नियन्त्रणगरी पर्यावरण सन्तुलन र ब्यापक जनसहभागिताको पहल मार्फत **क्लिन र हरित सिटी** को रूपमा यस नगरलाई विकास गरिने छ ।
- वडावडामा स्वास्थ्यकेन्द्र, बस्तीबस्तीमा जेष्ठ नागरिक क्लब, सुविधा सम्पन्न शिशुकेन्द्र, खोला किनारा तथा पर्ती जमिनमा सार्वजनिक उद्यान एवं सहरी पूर्वाधार निर्माण, ई-गभर्नेन्स सेवा सहितको सूचना प्रविधिमा आधारित नमूनानगर बनाइनेछ ।
- कोहलपुर नगरवासीलाई गास,बास,कपास,शिक्षा,स्वास्थ्य र रोजगारका साथै मनोरञ्जन, खेलकुद, कला, साहित्य, भाषा, संस्कृति आदिको संरक्षण गरीनगरलाई नेपालको पर्यटन, शिक्षा, खेलकूद, स्वास्थ्य र मनोरञ्जनको प्रमुख केन्द्रका रूपमा विकसित गरिने छ ।
- भ्रष्टाचारमुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जवाफदेहि नगर प्रशासन वनाउन **भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन**गरिनेछ ।साथै १ वर्ष भित्रमा १५ वटै वडा कार्यालयहरु लाई ब्यवस्थापन गरी स्थानिय स्तरमा नै जनताले महशुस गर्ने गरी जनमैत्रि सेवा प्रवाह गरिनेछ ।
- चालु आवमा आम जनताका सुझावहरूलाई समेत समेट्दै विज्ञहरूको सहयोगमा कोहलपुर नगरको **अल्पकालीन तथा दीर्घकालीन विकाससम्बन्धी विस्तृत गुरूयोजना** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर आफैले विभिन्न संघसंस्था तथा दातृ निकायहरुसंग समन्वय तथा सहकार्य गरी विभिन्न क्षेत्रमा लगानी गरी समृद्ध नगर निर्माणको नीति लिइनेछ ।
- टोल विकास संस्थाहरु अभियानको रुपमा गठन गरी वडा कार्यालय मातहतका आधाभूत तथ्याङ्क लिई ब्यवस्थित विकासका भरपर्दा र प्रतिस्पर्धी अंगको रुपमा विकास गर्ने नीति लिईने छ ।
- कोहलपुरलाई ६ र ७ नं. प्रदेशको प्रवेश द्धारको रुपमा विकास गर्ने , तिब्बतको पवित्र धार्मिक स्थल कैलाश मानसरोवार सम्मको स्थलमार्गको प्रस्थान विन्दुको रुपमा विकास गर्ने र भारत र चिनको प्रमुख व्यापारिक केन्द्र र धार्मिक पर्यटकीय गन्तव्यका रूपमा विकसित गर्न पहल गरिने छ ।
- आवश्यकता अनुसार बस बिसौनी, अत्याधिक सवारी चाप भएको स्थानमा आकाशे पुल निर्माण , यात्रु प्रतीक्षालय, सवारी साधन पार्किङ स्थल, जेब्रा क्रसिङ्ग, पैदल मार्ग, साइकल लेन सहित वैज्ञानिक ढङ्गले ट्राफिक व्यवस्थापन गरिने छ ।
- सहकारी एवं निजी क्षेत्रको सहभागितामा आधारित **आत्मनिर्भर तथा समृद्ध अर्थतन्त्रको निर्माण र विकास** गर्दै नगरको समृद्धिका लागि वैदेशिक तथा बहुराष्ट्रिय लगानीकर्तालाई आकर्षित गरी अन्तराष्ट्रिय शहरहरू सँगको भगिनी सम्वन्धलाई प्रारम्भ गरिनेछ ।
- नदी, खोला, ताल तथा जलाधार संरक्षण गर्दै सवैखाले प्रदूषण नियन्त्रण गरी पर्यावरण सन्तुलन र ब्यापक जनसहभागिताको पहल मार्फत **क्लिन र हरित सिटी** को रूपमा यस नगरलाई विकास गरिने छ ।
- घरघरमा स्नातक, टोलटोलमा प्राविधिक, वडावडामा स्वास्थ्यकेन्द्र, बस्तीबस्तीमा जेष्ठ नागरिक क्लब, सुविधा सम्पन्न शिशुकेन्द्र, खोला किनारा तथा पर्ती जमिनमा सार्वजनिक उद्यान एवं सहरी पूर्वाधार सम्पन्न, ई-गभर्नेन्स सेवा सहितको सूचना प्रविधिमा आधारित नमूना नगर बनाइनेछ ।

- कोहलपुर नगरवासीलाई गास,बास,कपास,शिक्षा,स्वास्थ्य र रोजगारका साथै मनोरञ्जन, खेलकुद, कला, साहित्य, भाषा, संस्कृति आदिको संरक्षण गरी नगरलाई नेपालको पर्यटन, शिक्षा, खेलकूद, स्वास्थ्य र मनोरञ्जनको प्रमुख केन्द्रका रूपमा विकसित गरिने छ ।
- भ्रष्टाचारमुक्त राजनीति र कर्मचारी प्रशासन एवं जनताप्रति जवाफदेहि नगर प्रशासन वनाउन **भ्रष्टाचार विरूद्ध शून्य सहनशीलताको नीति अवलम्बन** गरिनेछ । साथै १ वर्ष भित्रमा १५ वटै वडा कार्यालयहरु लाई व्यवस्थापन गरी स्थानिय स्तरमा नै जनताले महशुस गर्ने गरी जनमैत्रि सेवा प्रवाह गरिनेछ ।
- चालु आवमा आम जनताका सुझावहरूलाई समेत समेट्दै विज्ञहरूको सहयोगमा कोहलपुर नगरको **अल्पकालीन तथा दीर्घकालीन विकास सम्बन्धी विस्तृत गुरूयोजना** निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर आफैले विभिन्न संघ संस्था तथा दातृ निकायहरु संग समन्वय तथा सहकार्य गरी विभिन्न क्षेत्रमा लगानी गरी समृद्ध नगर निर्माणको नीति लिइनेछ ।
- टोल विकास संस्थाहरु अभियानको रुपमा गठन गरी वडा कार्यालय मातहतका आधारभूत तथ्याङ्क लिई व्यवस्थित विकासका भरपर्दा र प्रतिस्पर्धी अंगको रुपमा विकास गर्ने नीति लिईने छ ।

## २.कर,सेवा शुल्क तथा राजश्व :

- नगरबाट लिइने कर, राजस्व तथा सेवा शुल्क आदि व्यवस्थित र नियमित गरिने छ । **"हाम्रो नगर हाम्रो कर, समृद्ध वनाउने हाम्रै रहर"** भन्ने नारालाई साकार पार्न नियमित कर तिर्ने करदातालाई सम्मान गरिने छ ।
- प्रगतिशील कर प्रणालीका आधारमा करको दायरा बढाइनेछ र सीमान्तकृत एवं सुविधा बाट वञ्चित समूहको भलाईका लागि प्रयोग गरिने छ । **एकिकृत सम्पती कर** लागु गर्नको लागि आवश्यक तयारी तथा कार्य गरिने छ ।
- नगरको आन्तरिक आयको विश्लेषण गरि श्रोतहरको उपलब्धता यकिन गरिनेछ ।
- राजश्व तथा कर असुलीका नयाँ श्रोतहरुको खोजि गरी नगरपालिकाको आन्तरिक आयलाई यर्थाथपरक र वास्तविकतामा आधारित बनाईनेछ ।
- **मालपोत तथा भुमि कर भुमि वर्गिकरणको आधारमा** निर्धारण गरि लागू गरिनेछ ।
- खेतियोग्य जमिनलाई बाँझो छोड्ने प्रवृतिलाई निरुत्साहित गर्न **थप कर** लगाउने व्यवस्था गरिनेछ ।
- घर जग्गा पास,नक्सा पास/प्रमाणीकरण/अभिलेखीकरण, कर-राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।
- उत्पीडित,विपन्न तथा गरिबी र फरक क्षमता भएको प्रमाणित गर्न गरिने सिफारिसलाई निशुल्क गरिने छ ।
- सहरी सुरक्षा जोखिम न्यून गर्न मुख्य सहरी क्षेत्रभित्रका सम्बन्धित निकाय सँगको समन्वय र सहकार्यमा अव्यवस्थित टेलिफोन तार हटाई अप्टिकल फाइबर जडान गरिने छ भने बिजुलीका तारहरूलाई अण्डरग्राउण्डेड गर्ने कामलाई प्राथमिकता दिइनेछ ।
- नगरक्षेत्र भित्र व्यवसाय संचालन गरेका व्यवसायीहरुले अनिवार्य रुपमा आफ्नो व्यवसाय तथा फर्म नगरपालिकाम दर्ता गर्नुपर्नेछ । व्यवसायीहरुले नगरपालिकामा आफ्नो व्यवसाय तथा फर्म वार्षिक रुपमा नविकरण नगरे घरेलु तथा साना उद्योग, ब्यापार संघ तथा आन्तरिक राजश्व कार्यालयबाट दर्ता नविकरण नहुने व्यवस्थाका लागि पहल गरिने छ ।
- नगरका तर्फबाट तालिमको व्यवस्था गरी स्थानीय तहमा इलेक्ट्रिसियन, प्लम्बर, कार्पेन्टर, मेसन जस्ता प्राविधिक उत्पादन गरी वडाका टोल टोल र बस्ती बस्तीमा सहज, सरल र द्रुत गतिमा स्थानीय सेवा उपलब्ध गराईने छ ।
- नगरवासीहरूलाई पायक पर्ने स्थानबाट सेवा प्रदान गर्नका लागि आवश्यकता अनुसार वडा कार्यालय र सेवा केन्द्रहरूको स्थापना गरि कर तिर्ने व्यवस्था मिलाईने छ ।
- भूतपूर्व सैनिक, प्रहरी तथा सेवा निवृत्त शिक्षक, प्राध्यापक एवं राष्ट्रसेवकहरूको उचित सम्मान गर्दै वहाँहरूको अनुभव, ज्ञान, सिप र दक्षतालाई आवश्यक सुविधा सहित नगरको विकासमा परिचालन गरिने छ ।
- नगरपालिका क्षेत्र भित्र ऐलानी तथा प्रति जग्गामा बसोबास गरेका व्यक्तिहरुबाट **पूर्वाधार सेवा शुल्क** लिइने छ ।

## ३.नगर सुशासन तथा जनशक्ति व्यवस्थापन :

- कोहलपुर नगर प्रमुखको अध्यक्षतामा नगरभित्र एउटा **अधिकार सम्पन्न सेवा आयोग (Utility Service Authority) गठन** गरी सडक, खानेपानी, बिजुली, दुर सञ्चार,फोहरमैला व्यवस्थापन, ढलनिकास आदिको एकिकृत सेवा र सुविधा प्रदान गरिने छ ।
- सुशासनका लागि आर्थिक पारदर्शिता भन्ने नीति कार्यान्वयन गर्न प्रमुख तथा उपप्रमुख लगायत कार्यपालिका सदस्यहरूले आफ्नो **सम्पत्ति विवरण सार्वजनिक** गरिने छ ।

- जनतालाई दिइने सेवालाइ चुस्त, द्रुत र सरल वनाउनका लागि सबै वडा कार्यालयहरूलाई नगरपालिकासँग Broad Band (High Speed) Internet बाट नेट-वर्किंग गरी पेपर लेस, ई-गर्भनेन्सको थालनी गरिने र कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता दिने व्यवस्था कर्मचारीहरुलाई निश्चित मापदण्ड र सूचकका आधारमा गरिने छ।
- स्थानीय सरकारबाट प्रदान गरिने सेवालाइ जनउत्तरदायी बनाउन नगरपालिका र प्रत्येक वडा कार्यालयहरूमा नागरिक बडापत्र, हेल्प डेस्क, नागरिक भेला, सार्वजनिक सुनवाइ तथा सामाजिक परिक्षण,अनुगमन संयन्त्र र कार्यप्रणालीलाई पारदर्शी वनाउँदै सबै सुचनाहरु नगरको वेबसाईटमा राखिने छ र वेवसाईट लाई अध्यावधिक तथा व्यवस्थित गरिनेछ।
- कोहलपुर नगरवासीका लागि शिक्षा, स्वास्थ्य, यातायात लगायतका आधारभूत सेवा र दैनिक उपभोग्य बस्तुहरू सहज र सुपथ मूल्यमा प्राप्त हुने व्यवस्था मिलाउन पहल गरिने छ।
- यस आर्थिक बर्षमा कम्तिमा ५० प्रतिशत **<u>बेरूजु फर्स्यौट</u>** गरिने छ।
- नगर सेवाको प्रयोजनका लागि आवश्यक पर्ने कर्मचारीहरूको सांगठनिक ढाँचा, दरबन्दी निर्धारण ,कार्य विवरण र अस्थायी/करार कर्मचारीहरुको व्यवस्थापन गर्न एक समिति गठन गरिनेछ।
- नगरको लागि आवश्यक पर्ने जनशक्ति भर्ना गर्न, बढुवा र सेवा सम्बन्धी अन्य व्यवस्था गर्नका लागि नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी वा सो सरहको पदमा कार्यरत वा सेवा निवृत्त व्यक्तिको अध्यक्षतामा आवश्यक विषेशज्ञ सहितको तीन सदस्यीय **<u>नगर सेवा आयोग</u>** गठन गरिने छ।
- आवश्यकता अनुसार कर्मचारी तथा नगर प्रहरीको ब्यवस्था,सो सम्बन्धि प्रशिक्षण आदि गरिने छ। सोको लागि सेवा निवृत र भू.पू.हरूको समेत ज्ञान र सिपको उपयोग गरिने छ।
- **कर्मचारी कल्याण /अवकाश कोषको** व्यवस्थापन गरी कार्यरत कर्मचारीहरू मध्ये स्वेच्छिक तथा अनिवार्य अवकाश लिन चाहने कर्मचारीहरूलाई सेवा निवृत्त गर्ने व्यवस्था मिलाइने छ।
- नगरपालिकामा कानूनी तथा प्रेष सल्लाहारको व्यवस्था गरीने छ।

**४.कृषि तथा पशुपालन :**

- समग्र कृषि क्षेत्रको विकासको लागि दीर्घकालीन योजना वनाइने छ। उच्च मूल्य पर्ने, आयात प्रतिस्थापन र निर्यात संभ्भावना भएका वालीहरुको पहिचान गरी उत्पादनलाई प्रोत्साहन गरी आयात प्रतिस्थापन तथा निर्यातमा प्राथमिकीकरण गरिने छ।
- नगरपालिका योजना तथा कार्यक्रम प्रत्यक्ष रुपमा कृषकलाई लाभ पुग्ने गरी कार्यान्वयन गरिनेछ।
- कृषि पेशालाई ब्यवसायकिरण गर्न ब्यवसायिक खेती ,सहकारी खेती ,करार खेती प्रणाली अवलम्बन गरी कृषकलाई प्रोत्साहित गरिनेछ। साथै ताजा तरकारी,कुखुरापालन,बाख्रापालन,मत्स्यपालन र माहुरीपालन लाई विशेष प्राथमिकता दिई कार्य गरिने छ। वडा नं.६ लाई कृषि पकेट क्षेत्रको रुपमा घोषणा गरी विशेष कार्यक्रम संचालन गरिने छ।
- खेति योग्य जमिन अनियन्त्रित खण्डिकरणलाई निरुत्साहित गरिनेछ।
- जैविक खेति प्रणालिलाई प्रोत्साहन गर्ने गरी कृषि कार्यक्रम बनाईनेछ।
- खेतीयोग्य विशेष क्षेत्रलाई प्राङ्गारिक क्षेत्र घोषणा गरी प्राङ्गारिक खेतीको विस्तार गरिने छ। आधुनिक कृषि पद्धतिको माध्यमबाट कृषिक्षेत्रको बिकास गरिने छ।
- कृषि कर्जा सरल बनाई सहुलियत व्याजदरमा कृषि ऋणको व्यवस्था मिलाउन आवश्यक पहल र समन्वय गरिने छ। वैदेशिक रोजगारीबाट फर्केका युवालाई कृषिमा रोजगारी प्रदान गर्न विषेश ब्यवस्था मिलाइने छ। खेतीयोग्य जमिनलाइ वाझो राख्ने कार्यलाई निरुत्साहित गर्ने नीतिगत व्यवस्था गरिने छ।
- कृषि तथा पशुपालनलाई आधुनिकीकरण र व्यवसायमुखी बनाउदै नगरलाई खाद्यान्न, तरकारी ,मासु ,दुध र अण्डा उत्पादनमा आत्मनिर्भर वनाइनेछ। घाँसमा आधारित पशुपालन ब्यवसाय विकास तथा प्रवर्द्धन गर्न घाँसको विउ लगाएत बेर्ना वितरण तथा उत्पादन कार्य गरिनेछ।
- कृषि तथा पशुजन्य उपजको सङ्कलन र विक्रीका लागि कृषि बजार केन्द्रहरु, शीत भण्डारण एवं चिस्यान केन्द्रहरु बनाउन सम्भाव्यता अध्ययन गरिने छ।
- छाडा चौपाया नियन्त्रणका लागि आवश्यक नियम बनाउँदै चौपाया छाडा छोड्नेहरुलाई कारवाही गरिने छ, छाडा चौपाया नियन्त्रण तथा ब्यवस्थापन का लागि आवश्यक काम गरिनेछ।
- **किसान समूह** गठन गरी कार्यक्रम संचालन गरिनेछ।
- युवाहरुको विदेश पलायनको समस्यालाई समाधान गर्न तथा युवाहरुलाई उद्यमशीलता विकासका लागि **<u>युवा उद्यमी कोष स्थापना गरि</u>** **"हाम्रा युवा सिर्जनशिल र उद्यमी युवा"** भन्ने कार्यक्रम लागु गरिनेछ।

- बेरोजगार युवाहरुलाई आवश्यक सिप, प्रविधि, अनुदान र सहुलियत ऋणको व्यवस्था गर्न आवश्यक समन्वय गरी स्वरोजगारीका लागि प्रोत्साहित गरिने छ । रोजगारी सिर्जना गर्ने उद्योग, व्यबसाय र सेवालाई कर छुटको व्यवस्था गरिने छ ।

**५.सहकारी एवं वित्तीय संस्थाहरूको व्यवस्थापन :**

- सहकारी संस्थाहरूलाई नियमन र व्यवस्थापन गरिनुका साथै बैंकहरूसँगको सहकार्यमा एक वडा एक बैंकको नीति मार्फत **समृद्धिको यात्रा सहकारी र बैंकहरूसँगको सहयात्रा** को नारालाइ सार्थक पार्न पहल गरिने छ ।
- दैनीक उपभोग्य वस्तु, कृषि, वन, मत्स्य तथा पशुजन्य उत्पादन, वितरण र विक्री गर्ने सहकारीलाई विशेष छुट तथा अनुदानको व्यवस्था गरिनुका साथै प्रमुख बस्तीहरूमा सुपथ मूल्यका सहकारी पसल सञ्चालन गर्न प्रोत्साहन गरिने छ ।
- नागरिकहरूलाई उत्पादन कार्य र आयआर्जनमा सहभागी बनाउन परम्परागत ज्ञान तथा सिपमा आधारित स्थानीय कुटिर उद्योग, लघु उद्यम, साना सेवा वा व्यवसाय सञ्चालन गर्न वित्तीय संस्थासँगको समन्वयमा सरल र विनाधितो ऋणको व्यवस्थाका लागि पहल गरिने छ ।
- महिला बचत समुह तथा महिला सहकारी संस्थाहरुको संस्थागत क्षमता विकास गरिने छ ।
- अति विपन्न वर्गमा नियमित रुपमा वचत गर्ने वानी विकास गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।

**६.सुचना तथा सञ्चार :**

- नगरभित्र सञ्चालनमा रहेका र सञ्चालनमा आउने एफ.एम.रेडियो तथा टी.भी.को प्रसारण, सञ्चालन, दर्ता, नवीकरण आदि सम्बन्धी आवश्यक नीति बनाई व्यवस्थित गरिने छ । सामुदायिक रेडीयोको विकास र यस क्षेत्रमा कार्यरत संचारकर्मीहरुको ज्ञान, सिप, क्षमता अभिबृद्धिका लागि आवश्यक कार्य गरिनेछ ।
- नगरका कार्यक्रम, सेवा तथा योजनाका बारेमा नगरवासीलाई सुसूचित गर्न **नगर बुलेटिन प्रकाशन** गरिने छ ।
- संचारकर्मीहरुको सुरक्षा तथा बृत्ति विकासका लागि उनीहरु कार्यरत मिडिया हाऊसको समेत लगानी साझेदारी हुने गरि एक **संचारकर्मी कोषको** व्यवस्था गरी **संचारकर्मी मैत्रि नगर** बनाईने छ ।
- राज्यको चौथो अग संचार जगतलाई उच्च सम्मान गर्दै सञ्चार केन्द्र स्थापना गर्न जग्गा उपलब्ध गराउन पहल गरिनेछ ।
- नगरका सम्पूर्ण वडाहरूमा इन्टरनेट सुविधासहित टेलिफोन सेवा र पुस्तकायलय सुविधा उपलब्ध गराउन पहल गरिने छ ।

**७.स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन :**

- सार्वजनिक तथा सरकारी सम्पत्तिको अभिलेख राखी संरक्षण र सदुपयोग गरिने छ साथै मानव संशाधन, प्राकृतिक स्रोत साधन, धार्मिक, सांस्कृतिक, पुरातात्विक सम्पदा आदिको अभिलेखीकरण र अद्यावधि गरी व्यवस्थित गरिने छ ।
- विपन्न तथा न्यून आय भएका नागरिक, फरक क्षमता भएका नागरिक, बालश्रमिक, सडक बालबालिका, हिंसा पीडित महिला, अल्पसंख्यक जाति र द्वन्द्व पीडितको अभिलेख तयार पारि आवश्यक संवोधनका लागि पहल गरिने छ ।

**८.आधारभूत, माध्यामिक र उच्च शिक्षा :**

- आवश्यकता अनुसार नयाँ सामुदायिक विद्यालय खोल्ने, मर्ज गर्ने, कक्षा वृद्धि गरी समुदायको हितमा प्रयोग गरिने छ । संस्थागत विद्यालयको दर्ता, नवीकरण र अनुगमन गरिने छ । नगरका सवै वालवालिकालाई आधारभूत तथा माध्यामिक तहसम्म **निःशुल्क शिक्षा** उपलब्ध गराउने नीति अबलम्वन गरिने छ ।
- विपन्न,दलित तथा न्यून आय भएका अभिभावकहरूका बालबच्चाहरूलाई विद्यालय पठाउनका लागि पोशाक र पाठ्य सामाग्रीको व्यवस्था गरिने छ । वालवच्चा विद्यालय नपठाउने नागरिकलाई नगरबाट प्राप्त हुने सेवा सुविधाबाट वञ्चित गरिने छ । समयानुकूल सामुदायिक विद्यालयको स्तर बृद्धि गरिने छ ।
- आवश्यकता अनुसार नगर भित्र प्राविधिक शिक्षालय कार्यक्रम लागू गर्न सामुदायिक विद्यालयहरूमा व्यवहारिक र प्राविधिक शिक्षा लागु गर्न आवश्यक पहल गरिनुका साथै दलित,विपन्न,लोपोन्मूख र सीमान्तकृत समुदायका बालबालिकालाई उच्च शिक्षामा अभिप्रेरित गर्न विशेष **नगर छात्रवृत्ति कार्यक्रम** लागु गरिने छ ।
- दलित बालबालिकालाई शिक्षामा उत्प्रेरणा जगाऊन **छात्रबृत्ति कोष** स्थापना गरिनेछ ।
- विभिन्न खाले परामर्श सेवा केन्द्र, निजीस्तरमा सञ्चालित ट्यूशन तथा कोचिङ सेन्टर, भाषा तालिम तथा प्रशिक्षण केन्द्रलाई नियमन गरिने छ ।
- वागेश्वरी बहुमुखि क्याम्पसलाई आर्थिक स्रोत जुटाउन तथा विश्वविद्यालय बनाउन आवश्यक पहल गरिने छ ।

- सरोकारवालाहरु संग समन्वय गरी साक्षर नगर घोषणा गर्न आवश्यक पहल गरिने छ ।

## ९.आधारभूत स्वास्थ र सरसफाई :

- **हाम्रो अभियान स्वच्छ ,सुन्दर र हरित कोहलपुर नगर अभियान** कार्यक्रम र नगर स्तरीय स्वास्थ्य नीति तयार गरिने छ ।
- नगरभित्र फोहर व्यवस्थापनका लागि कुहिने, र नकुहिने फोहरमैला सङ्कलन गर्ने उचित व्यवस्था मिलाइने छ ।
- कोहलपुर नगरपालिका लाई **प्लाष्टिक झोला मुक्त र गुटका निषेधित** क्षेत्र बनाउन आवश्यक पहल गरिने छ ।
- फोहरलाई मोहरमा परिणत गर्न नगरको फोहर सङ्कलन गरी सोको प्रशोधनबाट ऊर्जा (विद्युत र ग्याँस) र कम्पोस्ट मल उत्पादनका लागि प्रस्ताव आह्वान गरिने छ ।
- नगर भित्रका आवश्यक स्थानमा सार्वजनिक शौचालयको निर्माण र सञ्चालन गरिने छ ।
- आधुनिक पशु बधशाला तथा सफा र स्वास्थ्य मासु पसलहरुको निर्माण गरिने छ ।
- नागरिकहरुको स्वास्थ बिमाको कार्यक्रमलाई अनिवार्य र प्रभावकारी रुपमा लागु गरिने छ । औषधिहरु सरल र सुलभ रुपमा उपलब्ध गराउन औषधि पसलहरुलाई नियमन गरिने छ ।
- निजीस्तरमा सञ्चालित स्वास्थ्य संस्थाहरुलाइ व्यवस्थित र नियमन गरिने छ ।
- कोहलपुरमै मुटुरोगको शल्यक्रिया गर्न मिल्ने, सिकलसेल एनिमिया, किड्नी लगाएतका जटिल रोगको उपचार गर्न सकिने सेवा बिस्तारमा जोड दिईनेछ ।
- कोहलपुर नगर क्षेत्रमा बढीरहेको फोहोर व्यवस्थापन गर्न जसले फोहर गर्छ उसैले नै सफा गर्नु पर्दछ भन्ने मुल्य र मान्यतालाई आत्मसाथ गर्दै प्रत्येक घर तथा व्यवसाय बाट उत्पादित फोहोरको मात्रा अनुसार फोहोर मैला कार्ड बनाइ तोकिएको **सरसफाई शुल्क लिने** व्यवस्था मिलाइने छ । फोहर व्यवस्थापनका लागि सरसफाई कर्मचारीको ब्यस्थापन गरिनेछ । प्रत्येक पसल तथा घरधनीले आफै **२ वटा डस्टविन अनिवार्य रुपमा राख्नु** पर्ने नियमलाई कडाईका साथ लागु गरिनेछ ।
- कोहलपुर स्वास्थ्य चौकि लाई स्तरोन्नती गरी **सामुदायिक अस्पताल संचालन गर्न** आवश्यक पहल गरिने छ ।
- महिला स्वास्थ्य स्वंयसेविकाले हाल पाऊदै आएको यातायात खर्च मासिक रु. ५००।- बाट बृद्धि गरी रु.२,०००।- र १महिना बराबरको चाडपर्व खर्च समेत उपलब्ध गराईने छ ।
- कोहलपुर नगर विकास समितिको क्षेत्र भित्र छुट्याईएको खुल्ला प्लटमा आगामी ३ वर्ष भित्रमा पार्क निर्माण गरिनेछ ।
- आयुर्वेद औषधालय र योग प्रक्षिणलाई कोहलपुरमा विस्तार गरिनेछ ।

## १०.स्थानीय बजार व्यवस्थापन :

- कोहलपुर नगर भित्रका साना ठूला व्यवसाय तथा पसलहरूलाई **व्यवस्थित र नियमन** गरिने छ ।
- फुटपाथ र सडक क्षेत्राधिकार अतिक्रमण गरि बसेका ठेलागाडा, घुम्ती तथा साना व्यापारी र व्यवसायीहरुलाई सो क्षेत्र बाट हटाईने छ ।
- सहरका मुख्य भागहरूमा पार्किङ्ग सुबिधा सहितका **सुपरमार्केट र ब्यापारिक मल** सञ्चालन गर्न प्रोत्साहित गरिने छ ।
- नगरभित्रका ग्रामीण वस्तीहरूमा स्थानीय उत्पादन विक्रीका लागि हाटबजारको व्यवस्था गरिने छ । कोहलपुर दश विगाह, मदनचौक र हवल्दारपुरमा रहेको कृषि हाट बजार तथा पशु हाट बजार स्थल लाई आधुनिक र प्रविधियुक्त बनाईने छ ।
- सडक डिविजन कार्यालय तथा निजी संघ संस्थाहरुसंग समन्वय गरी वढी आवागमन हुने स्थलहरुमा सुविधाजनक प्रतीक्षालय निर्माण गरिने छ ।

## ११.वातावरण तथा जैविक विविधता संरक्षण :

- नगरक्षेत्र भित्रका मुख्य राजमार्ग तथा शाखा सडक र खुला स्थानहरूमा गैर सरकारी संघ संस्था, ईच्छुक व्यक्ति, तथा विकास साझेदारसँगको सहकार्यमा सहरी सौन्दर्यता प्रवर्द्धन का लागि हरियाली विकास तथा ग्रिनवेल्ट निर्माण गरी **हरित नगर अभियानलाई** सफल पारिनेछ ।
- नगरभित्र निर्माण हुने प्रत्येक घरमा **एक घर ५ विरुवाको नीति** अवलम्वन गरी वातावरण संरक्षण तथा हरित नगर निर्माणमा योगदान पुऱ्याइनेछ ।

- बालबालिकाको लागि मनोरञ्जन र सिर्जनात्मक प्रेरणाका लागि प्रत्येक वडाहरूमा आवश्यक पार्कको व्यवस्था गर्नुका साथै वाटर फन पार्क निर्माणको लागि आवश्यक संभाब्यता अध्ययन गरिने छ ।
- कोहलपुर १२ मा रहेको सृजना सामुदायिक वन क्षेत्रलाई जैविक विविधता संरक्षण केन्द्र बनाई प्राकृतिक चिडियाखानाको रूपमा विकास गरिने छ ।

**१२.सडक र सिंचाइ :**

- कृषि सडकहरूको स्तरोन्नति र विस्तार गर्नुका साथै नगर भित्रका कृषि तथा पशुपालन क्षेत्रहरूलाई नगरको मूल बजारमा जोड्नका लागि आवश्यक सडक सञ्जाल निर्माण गरिने छ ।
- प्रत्येक वडाका केन्द्रलाई टोल र गाउँहरूसंग जोडने सडकहरूको विस्तार र स्तरोन्नति गरिने छ ।
- नगरभित्र र बाहिर चक्रपथको निर्माण गर्न **विस्तृत योजना प्रतिवेदन (DPR)** तयार गरिने छ ।
- रोहणी खोला, किरण खोला, डुडुवा खोला लगाएतका क्षेत्रहरूमा आवश्यकता अनुसार पुल, पुलेसा र कजवे निमार्ण गर्न सम्भाव्यता अध्ययन गरिने छ ।
- नगरभित्रका खेतीयोग्य जमिन तथा बाँझो जमिनमा आवश्यक सिंचाईको व्यवस्था गरी कृषि उत्पादन बढाइने छ ।

**१३.स्थानीय अदालत, मेलमिलाप :**

- नगरको विकास र नागरिकहरूको सुविधाका लागि मेलमिलाप तथा मध्यस्थता सेवालाई प्रभावकारी बनाइनेछ ।
- नगर अदालत तथा मेलमिलाप सम्बन्धी कार्यहरूको व्यवस्थापन र सञ्चालनका लागि नगर उप-प्रमुखको संयोजकत्वमा **नगर न्यायिक समिति** गठन गरी न्यायलाई प्रभावकारी र सर्वसुलभ बनाइने छ ।

**१४.घरजग्गा धनीपुर्जा वितरण तथा भू–उपयोग नीति :**

- बिगत लामो समय देखि बसोवास गरिरहेका अब्यवस्थित, सुकुम्बासी तथा भुमिहिनहरुलाई जग्गाधनि पुर्जा वितरण गर्न प्राथमिकताका साथ आवश्यक पहल गरिने छ ।
- सम्पूर्ण नगरपालिका क्षेत्रमा नापी नक्सा, घर/जग्गा धनीपुर्जा र घर नम्बरलाई मिलान गरी **भौगोलिक सूचना प्रणाली (GIS)** मा आधारित अद्यावधिक अभिलेख तयार गर्ने अभियान शुरू गरिने छ ।
- नगरपालिका क्षेत्रमा जग्गा खण्डीकरण गरी विना स्वीकृति प्लानिङ्ग गर्ने कार्यलाई कानूनी दायरामा ल्याउन **एकीकृत जग्गा विकास योजना** स्वीकृति नलिएसम्मका लागि कित्ता काट गर्ने र नक्सापास तथा अन्य भौतिक संरचनाको निर्माणको लागि सिफारिस तथा स्वीकृति रोक्का राख्ने नीति लिइनेछ । यस नीतिको विपरित गएमा सम्वन्धित जनप्रतिनिधि र कर्मचारीहरूलाई कानून बमोजिम कारवाहीको दायरामा ल्याइनेछ ।
- सार्वजानिक जग्गा संरक्षण निर्देशिका तयार गरि सबै सरकारी तथा सार्वजनिक ऐलानी पर्ती जग्गा नगरपालिकाको मातहतमा ल्याऊने ब्यवस्था गरिने छ ।
- यस नगरपालिका क्षेत्रमा विद्यमान रहेको जग्गा,बाटो ,घर तथा अन्य क्षेत्रको कित्ता र क्षेत्रफलको समस्या समाधानका लागि **डिजिटल प्रविधिमा आधारित नाप नक्शाङ्कन गरिने ब्यवस्था** मिलाईने छ ।
- साविक रझेना ७ क , ७ ख र ९ घ को **जग्गा ओभर ल्याप** सम्बन्धमा जिल्ला नापी कार्यालयको समन्वय र शिफारिसमा सम्बन्धित मन्त्रालय र विभाग संग समन्वय गरी समस्या समाधान गरिने छ ।
- मुक्त कमैया र भूमिहिनलाई जोतभोगको आधारमा जग्गा धनि पुर्जा वितरण गर्न पहल गरिने छ ।

**१५.जेष्ठ नागरिक र अशक्त वृत्ति :**

- **अशक्त जेष्ठ र अपाङ्गता भएका** नागरिकलाई सम्बन्धित वडा कार्यालयको सिफारिसमा समन्वय गरी सामाजिक सुरक्षा भत्ता घर-दैलोमा गई प्रदान गरिने छ ।
- एकल महिला, जेष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, टुहुरा, सीमान्तकृत र लोपोन्मुख समुदायका लागि राज्यको तर्फबाट सामाजिक सुरक्षाको ग्यारेन्टी गर्दै यातायात, स्वास्थ्य र शिक्षा सेवामा निःशुल्क गर्न आवश्यक समन्वय गरिने छ ।
- बर्षमा २ पटक प्रत्येक वडामा जेष्ठ नागरिकहरुका लागि एकिकृत स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- हरेक वर्ष विश्व जेष्ठ नागरिक दिवस (अक्टुवर १) मा नगरका सवै भन्दा जेष्ठ महिला र जेष्ठ पुरूषलाई **नगरमाता र नगरपिता** को सम्मान प्रदान गरिने छ ।

**१६.महिला तथा वाल-वालिकाको वृत्ति :**

- कोहलपुर ११मा रहेको महिला संजालको भवनलाई विकास गरि **महिला तथा वाल-वालिका पूर्नस्थापना गृह** संचालनमा पहल गरिने छ। महिला मनोचिकित्सा सेवा संचालन गर्न आवश्यक कार्य गरिने छ।
- एकल महिला, हिंसा पिडित , द्वन्द्ध पिडित महिला तथा पछाडि पारिएका महिलाहरुको लागि जनचेतनामूलक तथा सशक्तिकरण कार्यक्रम संचालन गरिने छ।
- विपन्न महिलाहरुका लागि आय-आर्जन,क्षमता विकास,नेतृत्व विकास तथा सिपमुलक कार्यक्रम मार्फत स्वरोजगारीको सृजना गरिनेछ। लैंगिक हिंसा मुक्त नगर विकासका लागि काम गरिने छ।
- सडक बालबालिकाका लागि संरक्षण र पुनर्स्थापनाका लागि छात्राबास, आवश्यक शिक्षा र प्राविधिक ज्ञान प्रदान गर्दै रोजगार वा स्वरोजगारद्वारा समाजमा पुनर्स्थापनाको व्यवस्था गर्न पहल गरिने छ।
- लागु औषध,दुर्व्यसनी,मानव बेचविखन र ओसार पसार,असुरक्षित बसाईसराई को विषयमा आवश्यक संचेतनामूलक तथा पूर्नस्थापनाका कार्यहरु गरिने छ।
- बालमैत्रि स्थानिय शासन(CFLG)कार्यक्रम लागु गर्न आवश्यक प्रक्रिया अगाडी बढाईने छ।

**१७.विपन्न वर्ग :**

- सिमान्तकृत,अल्पसंख्यक,लोपोन्मूख र विपन्न वर्गहरुको लगत संकलन गरि नगरपालिकाले उनीहरुलाई आय आर्जन तथा वचत गर्ने वानीको विकास गर्न प्रोत्साहन मूलक विशेष कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिने छ।
- अपाङ्ग तथा फरक क्षमता भएका वर्गरुको आर्थिक तथा सामाजिक विकासका लागि आय-आर्जन,क्षमता विकास तथा सिपमूलक कार्यक्रम संचालन गरिने छ।
- आपतकालीन असहाय उद्दार/सहायता कोषको स्थापना गरी कार्यविधि वनाई कार्यान्वयन गरिने छ।

**१८.खानेपानी, ऊर्जा र वैकल्पिक ऊर्जा :**

- कोहलपुर नगर भित्रका ग्रामीण बस्तीमा एक घर एक धाराको व्यवस्था गर्नुका साथै नगरका व्यस्त क्षेत्रहरू तथा सार्वजनिक स्थलमा धाराबाट सोझै पिउन मिल्ने शुद्ध पानीको व्यवस्था गर्न आवश्यक पहल गरिने छ।
- खानेपानी लाईन विस्तार गर्न खानेपानी संस्थान सँग समन्वय गरिने छ।
- अव्यवस्थित एवं अनाधिकृत रूपमा बोरीङ गरी खानेपानी विक्रि वितरण गर्ने कार्य बढ्दै गएकाले त्यसलाई भू-बनोट हेरी खानेपानी संस्थानको सिफारिसमा करको दायरामा ल्याई स्वीकृत लिएर मात्र कार्य गर्ने नीति लिईने छ।
- हाल निर्माणाधिन अवस्थामा रहेका विराट खानेपानी कोहलपुर-१०,रझेना खानेपानी कोहलपुर-०३ र शम्शेरगंज खानेपानी आयोजना-१४ लाई समयमा नै सम्पन्न गर्न आवश्यक समन्वय र सहयोग गरिने छ।
- आगामी ५ वर्ष भित्र नगरपालिकाका १५ वटै वडाहरुमा स्वच्छ,सफा र सुरक्षित खानेपानीको आपुर्ति हुने व्यवस्था मिलाईने छ।
- कुनै अवस्थामा खानेपानी र विद्युत सेवा अवरोध हुने भएमा त्यसको पूर्व जानकारी नगरवासीलाई गराइने व्यवस्था मिलाउन पहल गरिने छ।
- सोलार ऊर्जा जडानमा अनुदान र छुटको व्यवस्थासहित नगरका सबै टोलका सडकहरूमा सोलार बत्ती जडान गरी **उज्यालो नगर अभियान** प्रक्रिया लाई निरन्तरता प्रदान गरिने छ।
- सार्वजनिक शौचालयहरूमा बायोग्यास प्लाण्ट जडान गर्ने व्यक्ति वा संस्थालाई प्राविधिक सहयोग सहित अनुदानको व्यवस्था गरिने छ।

**१९.विपद् व्यवस्थापन :**

- नगरमा भूकम्प, आगलागी, बाढी, सर्पको टोकाई,चट्याङग जस्ता प्रकोप, दुर्घटना आदिको विपद व्यवस्थापन गर्न एउटा **विपद् व्यवस्थापन कोष स्थापना गरी** संचालनमा ल्याईनेछ।
- प्रत्येक वडामा सहयोगि युवा क्लब बनाएर जोखिम व्यवस्थापनमा दक्ष बनाई तत्कालिन उद्धार तथा सहयोगमा लगाइनेछ।
- जोखिमयुक्त आवासिय क्षेत्रलाई जोखिमरहित क्षेत्रमा पुर्वाधार निर्माण गरी स्थानान्तरण गरिने छ।

**२०.जलाधार र बन्यजन्तु :**

- नगर भित्रका वन तथा जङ्गलहरूको संरक्षण र नियमन गरिने छ साथै सार्वजनिक बाँझो जमिनहरूमा वृक्षारोपण गर्न प्रेरित गरिने छ ।
- अगामी ५० वर्ष भित्रको सोच राखि हुन सक्ने पानीको संकटलाई मध्येनजर राखी वैकल्पिक पानीको श्रोतको खोजी गर्न आवश्यक प्रक्रिया अगाडी बढाईनेछ ।

**२१.खानी तथा खनिज**

- नगरमा रहेका खानी तथा खनिज पदार्थको संरक्षण र नियमन गरिने छ ।
- नगरभित्र रहेका रानीघाट,डुडुवा तथा रोहणी खोलामा रहेका गिटी, ढुङ्गा, वालुवा, बेसमाटो आदिको उत्पादन र उत्खनन र संरक्षणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

**२२.भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास :**

- यस नगरपालिकाका आदिवासी जनजाति थारु समुदायको संस्कार झल्कने र अन्य जाति जनजाति समुदायको पहिचान , संस्कार झल्कने गरी संग्राहालयको निर्माण गरिनुका साथै सांस्कृतिक गाँउहरुको पहिचान र विकास गरी पर्यटन प्रवर्धन गरिने छ ।
- कोहलपुर १२ स्थित रामजानकि मन्दिरलाई धार्मिक पर्यटकिय स्थलको रुपमा घोषणा गरी आवश्यक पुर्वाधारको विकास गर्ने ।
- स्थानीय स्तरमा प्रचलित समुदायको आफ्नै मातृभाषामा आधारभूत शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाउन पाठ्यपुस्तक बनाई सम्बन्धित भाषा भाषीहरुको बाहुल्यता रहेका क्षेत्रका विद्यालयमा लागु गर्न पहल गरिने छ ।
- नगरभित्र आपसी सामाजिक सद्भावलाई सुदृढ तुल्याउन साँस्कृतिक पर्वहरु बडका अट्वारी, गुडिया पर्व, नाग पञ्चमी, मोहरम, होली, माघे संक्रान्ति आदिलाई प्रादेशिक र स्थानिय पर्वको मान्यता दिलाउन आवश्यक पहल गरिने छ ।
- परम्परागत पेशा, व्यवसाय र लोपोन्मुख कला, ज्ञान र सिपको पहिचान गरी सोको संरक्षण र सम्बर्धनका लागि आवश्यक कार्यक्रम बनाई लागू गरिने छ ।
- शिक्षा, स्वास्थ्य, भाषा, संस्कृति, कला, साहित्य आदिको विकासमा योगदान पुर्‍याउने व्यक्तित्वहरुलाई **नवरत्न पदक**ले सम्मानित गरिने कार्यको थालनी गरिने छ ।

**२३.नगर स्तरिय गौरवका आयोजना तथा परियोजनाहरू :**

- कोहलपुरलाई ब्यापारिक तथा शैक्षिक क्षेत्रको केन्द्रविन्दु बनाउने गरी पूर्वाधार विकास गरिनेछ । कोहलपुर ०८ , ०७ र १४मा रहेका सामुदायिक वन क्षेत्रलाई कोहलपुरको औद्योगिक क्षेत्रको रुपमा विकास गरिनेछ ।
- आधुनिक सुविधा सम्पन्न सिटि हल, १३ विघामा रङ्गशाला तथा कभर्ड हल निर्माण, योग तथा ध्यान केन्द्र, अत्याधुनिक बस टर्मिनल ,यातायातका साधनको लागि पार्किङ स्थल, अटो भिलेज निर्माण गरिनेछ ।
- नगरवासीको सेवा र सुविधाका लागि सार्वजनिक यातायात सेवालाई थप व्यवस्थित गरिने छ । नगर बस सञ्चालनका लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- नगरपालिका भित्र भएका विभिन्न प्रमुख र सहायक सडकहरुको विद्यमान अवस्था अध्ययन गरि **विस्तृत योजना प्रतिवेदन (DPR)** तयार गरी सो को आधारमा **सडक सञ्जाल नक्शाङ्कन गरेर MTMP** को प्राथमिकता क्रममा परेका सडकहरु क्रमिक रुपमा स्तरोन्नती तथा कालोपत्रे गर्दै लैजाने नीति अवलम्बन गरिने छ ।
- रोहणी खोला,डुडुवा खोला,किरणनाला आदि खोलाहरूको संरक्षण गर्दै यी खोलामा सदावहार पानीको श्रोतको रुपमा विकास गर्न ठाउँ-ठाउँमा पानीको ब्रेकर बनाई आवश्यक ठाउँहरूमा पुल र पैदल मार्गहरू निमार्ण गरिने छ । साथै डुडुवा नालामा सिक्टा सिंचाईको केहि प्रतिशत पानी खसाल्ने र विद्युतीय सवदाहन स्थल निर्माणका लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- कोहलपुरमा Information Techonology वा ईन्जिनियरिङ्ग ,बन विज्ञान,फार्मेसी,कृषि विज्ञान आदि प्राविधिक विषयमा स्नातक तह सम्मको पढाई संचालनका लागि पहल गरिनेछ ।

- कोहलपुर चौराहाको पार्क, कोल र बाघको स्तम्भ निर्माण गरीनेछ । साथै गोलपार्कमा आधुनिक घण्टाघर निर्माण कार्य अगाडी बढाईने छ । सो कार्यका लागि नगर विकास समिति (Town Development Comittee,TDC) संग सहकार्यका लागि अनुरोध गरिने छ ।
- कोहलपुर नगरपालिकाको दिगो फोहोर व्यवस्थापन गर्नका लागि आधुनिक ल्याण्डफिल साईटको निर्माण गर्न बिस्तृत संभाव्यता अध्ययन गरिनेछ ।

**२४. अन्य विविध कार्यक्रमहरू :**

- कोहलपुर नगरका सबै वडाहरूमा सार्वजनिक पुस्तकालय र युवा लक्षित व्यायमशाला र आवश्यकता अनुसार व्यायम सामाग्री राख्न आवश्यक पहल गरिने छ ।
- **कोहलपुर मेयर कप** खेलकुद प्रतियोगिता प्रत्येक वर्ष संचालन गरिनेछ ।
- बाँके राष्ट्रिय निकुञ्ज संग सिमा जोडिएका स्थानहरुमा पर्यटन क्षेत्रको विकास गर्न बाँके राष्ट्रिय निकुञ्ज सँग समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्न पहल गरिने छ ।
- कोहलपुर नगरपालिकाको बाँके राष्ट्रिय निकुञ्ज संग सिमा जोडिएका खर्डकवार, भरैया, सिमरी, चप्परगौडी, चटार, रझेना, मुक्तिनगर, लोकनगर आदि संभावित वस्तीहरुमा ग्रामीण पर्यटन तथा होम स्टेको रुपमा विकास गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- समग्र कोहलपुर क्षेत्रमा रहेका धार्मिक, साँस्कृतिक, प्राकृतिक आकर्षणका सम्पदाहरुलाई पर्यटकीय केन्द्रको रुपमा विकास गर्न ,पर्यटन गतिविधिको विकास र विविधीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिने छ ।
- खेलकुदको विकास र प्रवर्धन गर्न विद्यालय स्तरका प्रतियोगिताहरू सञ्चालन गरिने छ साथै उत्कृष्ट खेलाडीहरूलाई पुरस्कार तथा छात्रावृत्तिको व्यवस्था गरिने छ ।
- युवाहरूलाई व्यायाम र खेलकुदप्रति आकर्षण गरी स्वस्थ र रचनात्मक बनाउन सहयोग गरिने छ । कोहलपुरमा अर्न्तराष्ट्रिय स्तरको फुटबल मैदान,सिटि हल, रङ्गशाला निर्माण तथा प्रस्तावित अर्न्तराष्ट्रिय क्रिकेट एकेडेमिको निर्माण गरी राष्ट्रिय तथा अर्न्तराष्ट्रिय स्तरको खेलकुद प्रतियोगिता सञ्चालन गर्न सक्ने सहरको रूपमा विकास गरी खेलकुद पर्यटनलाई प्रवर्धन गरिने छ ।
- शिक्षा, स्वास्थ तथा कृषि जस्ता आधारभूत सेवाका लागि केहि वडामा सेवा कार्यालयहरु खोलिने छ ।
- स्थानीय जनताको आवश्यकता र सुझावलाई आधार बनाई अल्पकालीन र दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।
- कोहलपुर उद्योग वाणिज्य संघ, नेपाल राष्ट्रिय यातायात ब्यवसायी महासंघ लगाएतका सरोकारवालाहरु संगको सहकार्यमा **अटोभिलेज** निर्माणका लागि आवश्यक प्रक्रिया अगाडी बढाईने छ ।
- आधुनिक वधशाला निर्माण तथा मासुपशलहरु लाई ब्यवस्थित र स्वच्छ बनाउन पहल गरिनेछ ।

- प्रस्तावित रक्षा सामुदायिक वनमा निर्माण गरिने **शान्ति पार्क** (Peace Park) को कार्यलाई अगाडी बढाईने छ । ठाउँ-ठाउँमा जेष्ठ नागरिक विश्राम गर्ने चौतारी निर्माण गरिनेछ । मिनि चिडिया घर निर्माणका लागि गुरु योजना तयार गरिने छ ।
- कोहलपुर ३ मा रहेका तालहरुलाई नगरको मातहतमा ल्याई फन पार्कको रुपमा विकास गर्न पहल गरिने छ ।
- बढ्दो छाडा चौपायाको दिर्घकालिन रुपमा ब्यवस्थापनका लागि आवश्यक पहल गरिने छ ।

**२५.दीर्घकालीन कार्यक्रमहरू :**

- कम उर्वर र जोखिम कम भएका स्थानहरूमा बस्ती विकास कार्यक्रम लागू गरिने छ । **एकीकृत बस्ती विकास कार्यक्रमद्वारा** सुकुम्वासी, मुक्त कमैया,मजदुर र भूमिहीनहरूलाई **एक परिवार एक घर कार्यक्रम** कार्यान्वयनका लागि सम्भाव्यता अध्ययन गरिने छ ।
- कोहलपुर नगरका सबै वडाका साथै सीमावर्ती गाउहरूलाई समेत जोडने गरी २ वटा चक्रपथको संभाव्यता अध्ययन गरी राजमार्गहरूसँगको कनेक्टीभिटीमा जोड दिनुका साथै सडकको स्तरीकरण गरी सडक सञ्जाललाई जि.पि.एस. सिस्टममा राखिने छ ।
- हुम्लाको हिल्सा देखि कर्णाली राजमार्गको सुर्खेत नेपालगंज रुपैडिहा नाका हुदै अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन गर्न ६ नं.प्रादेशिक सरकार एवं संघीय सरकारसँग सहकार्य गरिने छ ।

- आगामी ५ वर्ष भित्र कोहलपुरलाई देशकै उत्कृष्ट शिक्षा, स्वास्थ्य, पर्यटन, सूचना प्रविधि र वातावरण मैत्री नगरपालिकामा रूपान्तरण गरिने छ ।
- कोहलपुर नगरपालिका क्षेत्र भित्र बसोवास गरिरहेका अल्पसंख्यक,लोपोन्मुख जाति(राजि,चिडिमार र गर्न्धव) लाई जग्गा सहित एकिकृत वस्ती विकासका निम्ति पहल गरिने छ ।
- कोहलपुर ११ लोकनगरमा रहेको मुक्त कमैया वस्तीलाई **नमूना वस्तीको** रुपमा विकास गर्नका लागि पहल गरिनेछ ।
- नेपालगंज कोहलपुर सडक खण्डमा प्रस्तावित औधोगिक करिडोरको कार्यान्यवयनमा आवश्यक पहल गरिने छ ।
- कोहलपुर नगर विकास समितिको मातहतमा रहेको कोहलपुर चौराहा क्षेत्रको जग्गामा **व्यापारिक भवन** निर्माण गर्न पहल गरिने छ ।
- कोहलपुर स्वास्थ्य चौकीलाई ५० शैयाको आधुनिक सुविधा सम्पन्न हस्पिटलको निर्माण गरी स्तरोन्नति गर्न पहल गरिने छ ।
- बफर क्षेत्रको प्राकृतिक श्रोत साधन बाट प्राप्त हुने आम्दानी कम्तिमा ५० प्रतिशत नगरपालिकामा आउने व्यवस्था मिलाउन पहल गरिने छ ।
- बाँके राष्ट्रिय निकुञ्जको राजमार्ग उत्तर तर्फ रहेको ५ कि मी सम्मको बफरजोन क्षेत्रमा बजार तथा वस्ती समेत रहेकाले नगरको पूर्वाधार विकास तथा नगरवासीको लागि समेत विभिन्न असुविधा सिर्जना भएको हुँदा सरोकारवालाहरुवीच समन्वय तथा छलफल गरेर यसको क्षेत्र संकुचन गर्न आवश्यक पहल गरिने छ ।
- सिद्धि विनायक सामुदायिक वन उपभोक्ता समुह संगको सहमतिमा १३ हेक्टर वन क्षेत्रलाई नगरपालिकाको स्वामित्वमा लिई अग्रभागमा आधुनिक सुविधा सम्पन्न सपिङ्ग कम्पलेक्स निर्माण, बाँकी क्षेत्रमा पार्क, सरकारी कार्यालयहरु र नगरलाई आवश्यक पर्ने अन्य संरचनाहरु निर्माणका लागि नीतिगत पहल गरिने छ ।
- चप्परगौडी खड्कवार हुदैं सल्यानको घुईयाबारी जोड्ने वि.पी. राजमार्ग लाई पुर्णता दिन आवश्यक पहल गरिने छ ।

लूट बहादुर रावत
(प्रमुख कोहलपुर नगरपालिका)